**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल**

**<u>आदेश</u>**

**०७३-WO-००२२**

**मुद्दाः** <u>परमादेशसमेत</u>।

ललितपुर जिल्ला कार्यबिनायक न.पा. वडा नं.६ स्थित स्नेहाज केयरकी अध्यक्ष ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा नं.३० बस्ने यमुनाकुमारी श्रेष्ठ......१ } निवेदक

**विरुद्ध**

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सिंहदरवार, काठमाडौं ...............................................................................१

व्यवस्थापिका संसद, संसद सचिवालय, सिंहदरवार, काठमाडौं .......................१

नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवार, काठमाडौं ...............................................................................१

नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ...............................................................................१

नेपाल सरकार, पशुपंछी विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं .................१

नेपाल सरकार, कृषि विकास मन्त्रालय, सिंहदरवार, काठमाडौं ......................१

} विपक्षी

नेपालको संविधानको धारा ४६, १३३(२)(३) बमोजिम यसै अदालतको अधिकारक्षेत्र भित्रको भई दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यसप्रकार छः-

## <u>रिट निवेदनको व्यहोरा</u>

म निवेदिकाले स्नेहाज केयर नामको सामाजिक संस्थामार्फत हाल करिब ७० वटा छाडा छोडिएका रोगी, घाइते कुकुरहरूको संरक्षण गरी पशु संरक्षण र पशु अधिकारका सम्बन्धमा काम गरी आएकी छु। मानव समुदाय र जीव जनावर एक अर्काका दुस्मन नभई एक अर्काका पूरक हुन्। नेपाली समाजले सांस्कृतिक, धार्मिक र पर्यावरणीय रूपले जीव जनावरको सह अस्तित्वलाई स्वीकार गरेको छ। हामी हरेक जीवभित्र परमात्माको अंश रहेको स्वीकार गरी विभिन्न सांस्कृतिक चाड, पर्व तथा उत्सवमा जीवजन्तुको पूजा गर्दछौं तथापि हामीले आमासरह सम्मान गरेको गाईले अनेकौं पीडा र अन्याय सहनु परेको छ। खेतिपातीको पर्याय बनेका गोरु राँगाले त्यस्तै अन्याय र यातना सहनु परेको छ। सुरक्षा र बफादारिताको पर्याय बनेको कुकुरले अनेकौं प्रकारले चरम

अन्याय सहनु परेको छ। सम्पूर्ण घर पालुवा जनावर अन्याय र क्रुर यातनाको सिकार बनेका छन्। केही जनावरलाई एसिडले आक्रमण गर्ने, इनारमा फाली दिने, आगो र तातो पानीले पोली दिने, मट्टितेल छर्केर आगो लगाई दिने, विष खुवाउने, खुट्टा, पुच्छर वा अन्य अङ्ग काटेर चरम यातना दिने जस्ता असभ्य र क्रुर तवरले आक्रमण गर्ने गरेको पाइन्छ। जङ्गली जनावर समेत चरम यातना अन्याय र शोषण व्यहोर्न बाध्य पारिएका छन्। मानव समुदायको सुरक्षा समुन्नति र सम्वृद्धिका लागि हामीले विभिन्न कानून निर्माण गरेका छौं तर केही अपवादका व्यवस्था बाहेक जीव जनावर र पशुधनको न्याय, सुरक्षा, मर्यादा र सदुपयोगका लागि कुनै कानून बनाइएको छैन। हाम्रै आँखा अगाडि जीव जनावर पशुधनलाई चरम यातना, पीडा र अन्याय हुँदा पनि उजूर गर्ने, कारवाही गराउने, न्याय दिलाउने ठाउँ छैन।

कतिपय जीवजन्तु असहायको सहारा बनेका छन् तापनि त्यस्तो जनावर प्रति समाजमा क्रुर हिंसा गर्ने संस्कार बढेको छ, पशु तथा जनावर प्रति पीडा, हिंसा र क्रुरता रोक्नेतर्फ नेपाल सरकारबाट कुनै कदम चालिएको छैन। गढिमाई जस्तो पशुवध पर्वले नेपाली समाजलाई क्रुर हत्याराको रूपमा विश्वभर प्रचारित गरेको छ। कृषि प्रधान देश नेपालमा कृषिका लागि अति आवश्यक र अपरिहार्य, विभिन्न जनावर दूध तथा दूधजन्य पदार्थका श्रोत तथा मासुका लागि पालिएका जनावर, घरेलु तथा राष्ट्रिय सुरक्षाका लागि पालिएका जनावर, घरेलु साजसज्जा तथा सौखका लागि पालिने जनावर तथा वन्यजन्तु समेतले यथोचित न्याय, अपनत्व र मानवीय समवेदनाका अभावमा चरम हिंसा, दुर्व्यवहार र कष्ट पाइरहेका छन्। अमूल्य घरेलु र जङ्गली जनावरले समेत ज्यादै कष्ट र पीडा पाएका छन्। तिनीहरू प्रतिको न्यायोचित व्यवहार सदाचार र मर्यादा कायम गराउनेतर्फ कुनै प्रस्ट नीति तथा कानून बनाउन राज्यले ध्यान दिएको छैन जसबाट नागरिकलाई गुणस्तरीय वस्तु र सेवाको प्राप्तिमा अवरोध सृजना भएको छ र अमूल्य पशुधन असुरक्षित बनेको छ, मानव समुदायको खाद्य सम्बन्धी हक र स्वच्छ वातावरणमा बाँच्न पाउने हकमा समेत आघात परेको छ। जङ्गली जनावरको सुरक्षाका लागि बनेको राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु ऐनमा भएको सामान्य व्यवस्थाले वन्यजन्तुको न्यायको प्रवर्धनमा कुनै खास योगदान दिन सकेको छैन भने घरेलु जनावरका हकमा कुनै कानून नै बनाइएको र लागू गरिएको छैन। छिमेकी मुलुक भारतमा जनावरका विरुद्ध अत्याचार रोक्न सन् १९६० देखि नै The Prevention of Cruelty to Animal Act, 1960 को व्यवस्था गरी त्यस अन्तर्गत पशु कल्याण बोर्डको व्यवस्था गरी पशु अधिकारको रक्षा गरिएको छ। भारतको सर्वोच्च अदालतले नेपालको गढिमाई मेलामा हुने पशुवधको कहाली लाग्दो अवस्थालाई निरुत्साहीत पार्न Gauri Maulekhi Vs State of Uttarakhand and others, Writ Petition (PIL) No.73 of 2010, को मुद्दामा आदेश जारी गरेको छ र यस्तै विभिन्न मुद्दामा महत्त्वपूर्ण निर्णयहरु भएको छ। त्यसै गरी अर्को छिमेकी चीनमा सन्

१९९९ मा पशु कल्याण ऐनको व्यवस्था गरी पशुका विरुद्ध हुने अत्याचारलाई दण्डनीय बनाइएको पाइन्छ।

नेपाल सरकारले छुट्टै पशुपन्छी मन्त्रालय गठन गरेको छ तर उचित संरक्षणात्मक व्यवस्था सहित छुट्टै नीति र कानून बनाउन सकेको छैन। स्वच्छ वातावरण प्रत्येक नागरिकको मौलिक हक हो। प्राकृतिक असन्तुलन र इको सिस्टमको असन्तुलनमा भयानक प्राकृतिक विपत्ति आई लाग्दछन्। त्यसैले Ecology र Environment मा सन्तुलन कायम गरी सभ्य, समुन्नत र दिगो मानव समाजको विकासका लागि पशु अधिकारको सन्तुलित व्यवस्थापन अपरिहार्य छ तर हाल कायम रहेको हाम्रो व्यवहारबाट खाद्य सम्प्रभुता, स्वच्छ वातावरणको हकमा गम्भीर क्षति पुग्ने र क्षति निरन्तर बढ्दै जाने हुँदा त्यसबाट नेपाली नागरिकलाई प्राप्त समुन्नत जीवन जीउने हक (Right to Life with prosperity), खाद्य अधिकार (Right to Food), स्वच्छ वातावरणको हक (Right to Healthy Environment) मा समेत आघात पारेको छ। यसरी पशु व्यवस्थापन र पशु अधिकार प्रति गैर जिम्मेवार विपक्षीहरूका कारण मानव समाजमा गम्भिर भयावह असर पर्न जाने अवस्था सृजना भएको, नेपालको संविधानको धारा १७, २५, ३०, ३५, ३६, ४३ समेतद्वारा नागरिकलाई प्रदत्त मौलिक हकमा आघात परी मानिसको बाँच्न पाउने अधिकार हनन हुन जाने, Ecology नै ध्वस्त हुने अवस्था सृजना भई मानव समाजले अनेकौं विपत्ति व्यहोर्नुपर्ने भएको हुँदा पशु अधिकारको उचित व्यवस्था गर्न पशु तथा जनावर उपर क्रुर हिंसा, यातना र अनुचित कार्य हुन नदिनु र पशु व्यवस्थापन प्रति उचित प्रबन्धसहित पशु कल्याण सम्बन्धी उचित कानूनी व्यवस्था गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा संविधानको धारा १३३(२) बमोजिम परमादेशको आदेश जारी गरी पाऊँ। साथै सम्मानित अदालतका आदेशले कानून नबन्दासम्म सबै पशु तथा जीव जन्तुलाई यातना र पीडा हुने कुनै काम व्यवहार नगर्नु, नगराउनु, यथोचित सुरक्षामा ध्यान दिनु, अनुचित, क्रुर र मर्यादा विपरितको कुनै काम नगर्नु, नगराउनु र हुन नदिनु भन्नेसमेत व्यहोराको आदेश जारी गरी तिनीहरूको न्यायोचित अधिकार सुनिश्चित गरी पाउँ भन्नेसमेत व्यहोराको निवेदक यमुनाकुमारी श्रेष्ठको तर्फबाट यस अदालतमा दायर हुन आएको रिट निवेदन।

**यस अदालतबाट जारी भएको कारण देखाउ आदेश**

यसमा के कसो भएको हो? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए आधार कारणसहित यो आदेश प्राप्त भएका मितिले बाटाको म्याद बाहेक १५दिनभित्र विपक्षीहरूका नाममा महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेश गर्नु भनी सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेश गर्नू।

## विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ

पर्यावरण (Ecology) र वातावरण (Environment) मा सन्तुलन राख्न मानव समाजको दिगो विकासको लागि पशु अधिकारको संरक्षण तथा विकास गर्न र सो सम्बन्धी कानूनी व्यवस्था गर्न नेपाल सरकारले पशुपंक्षी विकास मन्त्रालयको स्थापना गरेको छ। त्यसैगरी, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण क्षेत्र समेत स्थापना भई पशुपंक्षी एवं जनावरहरूको संरक्षणको लागि काम गर्दै आइरहेको छ र सोको लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०४९, वन ऐन, २०४९, वातावरण संरक्षण ऐन, २०५३ लगायतका ऐनहरू र सो सम्बन्धी विभिन्न नियमावलीहरू समेत जारी भई कार्यान्वयन भइरहेका छन्। पशु अधिकारको संरक्षणका सम्बन्धमा रिट निवेदकले उठाउनु भएको विषयमा फरक धारणा राख्नुपर्ने अवस्था पनि छैन। जहाँसम्म पशुहरूलाई कसैले पनि यातना दिने र पीडा हुने कुनै कार्य गर्नबाट रोक्ने गरी छुटै कानून निर्माण हुनुपर्ने भन्ने विषय छ, समाजको आवश्यकता र प्राथमिकता अनुसार राज्यले कानून बनाउँदै जाने हुँदा यस विषयमा समेत सरकारले अध्ययन गरी उपयुक्त समयमा आवश्यक प्रबन्ध गर्ने नै हुँदा रिट निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने अवस्था छैन।रिट निवेदन खारेज गरी पाँउ भन्ने लिखित जवाफ ।

## विपक्षी व्यवस्थापिका संसद सचिवालयको लिखित जवाफ

रिट निवेदकले आफ्नो रिट निवेदनको विरुद्ध खण्डमा यस व्यवस्थापिका संसदलाई विपक्षी बनाउनु बाहेक रिट निवेदनको कुनै पनि प्रकरणमा यस व्यवस्थापिका संसदको के, कुन काम कारवाहीबाट नागरिकको समुन्नत जीवन जीउने हक, खाद्य अधिकार वा स्वच्छ वातावरणको हक लगायतका हकहरू हनन भएको हो भन्ने कुराको स्पष्ट आधार र कारण खुलाउन सक्नुभएको छैन। व्यवस्थापिका संसद नियमावली, २०७३ ले स्पष्ट गरेको विधि र प्रक्रियाबमोजिम आफ्नो कार्य सम्पादन गर्ने यस व्यवस्थापिका संसदलाई निवेदकले अनावश्यक रूपमा प्रत्यर्थी बनाएकोले प्रस्तुत रिट निवेदन प्रथम दृष्टिमै खारेज भागी छ। निवेदकले रिट निवेदनमा उल्लेख गरे बमोजिम आफ्नो परम्परा, चलन, धर्म, संस्कृतिको नाममा वा अन्य विभिन्न बहानामा पशु बली चढाउने वा हिंसा गर्ने वा अन्य कुनै प्रकारको दुःख दिने कार्यलाई रोक्ने जिम्मेवारी निर्विवाद रूपमा कार्यपालिकाको हो। यस्तो विषयलाई व्यवस्थित गर्न वा आवश्यक नियन्त्रण गर्न उपयुक्त कानूनको आवश्यकता महसुस गरी सरकारले व्यवस्थापिका संसदमा विधेयक प्रस्तुत गरेको अवस्थामा त्यस्तो विधेयकलाई व्यवस्थापिका संसद नियमावली, २०७३ ले निर्दिष्ट गरेको विधि र प्रक्रियाबमोजिम व्यवस्थापिका संसदमा छलफल भई उपयुक्त निर्णय हुने नै हुँदा यस्तो विषयमा यस

व्यवस्थापिका संसदलाई विपक्षी बनाउनुको कुनै औचित्य छैन। अनावश्यक रूपमा विपक्षी बनाइएको यस व्यवस्थापिका संसदको हकमा प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने लिखित जवाफ।

**विपक्षी नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरवारको लिखित जवाफ**

गढिमाई लगायतका धार्मिक स्थलमा दिने गरिएको बलीको सन्दर्भमा जनावरहरू उपर हुने गरेको क्रुर र यातनापूर्ण व्यवहार नहुने व्यवस्था गर्न, बली दिइएका जनावरको मासु लगायतका चिजवस्तुको स्वास्थ्यका दृष्टिले उचित व्यवस्थापन गर्न, वातावरण प्रदूषण नियन्त्रण गर्न, बली दिइने जनावरको क्वारेन्टाइन परीक्षण लगायतका स्वास्थ्य परीक्षण प्रभावकारी रूपमा हुने व्यवस्था मिलाउन र पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिम पशु प्रति हुने निर्दयी व्यवहार रोक्नका लागि समिति गठन गरी त्यस्तो निर्दयी व्यवहार रोक्ने व्यवस्था मिलाउनु भनी रिट निवेदक अधिवक्ता अर्जुन कुमार अर्याल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको रिट नं. ०७१-WO-०३७१ मा मिति २०७३।४।२० मा यस अदालतबाट परमादेशको आदेश जारी भइसकेको सन्दर्भमा प्रस्तुत रिट निवेदन दायर गर्नुको कुनै औचित्य देखिँदैन। पशु उपर हुने क्रुर यातना विरुद्धको कार्यलाई व्यवस्थित गर्ने गरी पशु तथा जनावरको कल्याणसँग सम्बन्धित कानूनमा संशोधन तथा नयाँ कानून तर्जुमाका लागि सम्बन्धित मन्त्रालयबाट मस्यौदा तयार भई सहमतिका लागि यस मन्त्रालयमा आएका बखत यस मन्त्रालयबाट आवश्यक प्रक्रिया अगाडि बढाइने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने लिखित जवाफ।

**विपक्षी नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको लिखित जवाफ**

रिट निवेदकले आफ्नो निवेदनमा यस मन्त्रालयको के कस्तो काम, कारवाही वा निर्णयबाट के कस्तो संवैधानिक तथा कानूनी हक अधिकार हनन हुन गएको हो भन्ने सम्बन्धमा कुनै कुरा उल्लेख गर्न सक्नुभएको छैन। कसैका विरुद्ध कुनै कुराको दाबी लिँदा कसको के र कुन काम, कारवाही वा निर्णयका कारण निवेदकको कुन कानूनद्वारा प्रदत्त कुन हक अधिकारमा के, कसरी हनन हुन गएको हो भन्ने सम्बन्धमा स्पष्ट रूपमा उल्लेख गरी सो कुरामा अदालतसमेत सन्तुष्ट हुने प्रमाण पेश गर्नुपर्दछ। यस मन्त्रालयलाई प्रत्यर्थी बनाउनु पर्ने कुनै कारण र आधार खुलाउन सकेको नपाइएकोले मन्त्रालयको हकमा विपक्षीको रिट निवेदन प्रथम दृष्टिमै खारेज गरी पाऊँ भन्ने लिखित जवाफ।

**विपक्षी नेपाल सरकार, पशुपंछी विकास मन्त्रालयको लिखित जवाफ**

निवेदकको निवेदन जिकीरबमोजिम नेपालको संविधानको भाग ३ को मौलिक हक सम्बन्धी व्यवस्था लगायत अन्य कुनै धारामा पशु अधिकार सम्बन्धी स्पष्ट व्यवस्था गरेको पाइँदैन। तथापि, पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १७ बमोजिम पशु ढुवानी सम्बन्धी मापदण्ड, २०६४ कार्यान्वयनमा रही सोही मापदण्डबमोजिम पशु ढुवानी हुने गरेको, पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा ८ बमोजिम पशु वध गर्नु अघि जचाउनु पर्ने, पशु रोगी देखिएमा वध गर्नबाट रोक्ने व्यवस्था रहेको पाइन्छ। पशु वधशाला र मासु जाँच नियमावली, २०५७ को नियम ४ मा पशुहरूको स्वास्थ्य परीक्षण गर्ने, पशुलाई अस्वस्थ पशु भन्दा भिन्न स्थानमा राख्ने, पशु वध गर्नु अघि बेहोस बनाउने, नियम ९ मा वध गर्नु अघि पशु जाँच गर्ने कार्यविधि सम्बन्धी व्यवस्था गरी विभिन्न रोग भएका पशुलाई वध गर्नबाट वञ्चित गरेको पाइन्छ भने सोही नियमावलीको अनुसूची-५ मा पशु वध गर्नु पूर्व जाँच गर्ने कार्यविधि सम्बन्धी व्यवस्था गरेको पाइन्छ। साथै यस मन्त्रालयले मिति २०७२।१०।१३ मा जारी गरेको ४० बुँदे प्रतिबद्धताको बुँदा नम्बर १ मा राष्ट्रिय पशुपंछी पालन नीति तर्जुमा गरी ६ महिनाभित्र कार्यान्वयनमा ल्याउने प्रतिबद्धता उल्लेख भई राष्ट्रिय पशुपंछी नीति तयार भई जारी हुने क्रममा रहेको, बुँदा नम्बर २ मा मस्यौदा तयार भई संशोधन प्रक्रिया अगाडि बढिरहेको, पशु कल्याण ऐन, २०५५ मा संशोधनको प्रवर्द्धन तथा बजार ऐन, पशु औषधी ऐन र सरुवा रोग ऐनहरू १ वर्षभित्र तर्जुमा गरिने प्रतिबद्धतासहित ऐन नियम परिमार्जन तथा निर्माण समिति गठन भई उल्लिखित ऐनहरूको मस्यौदा तयार भइरहेको व्यहोरा अनुरोध गर्दछु। अतः पशु अधिकार सम्बन्धी व्यवस्था नेपालको संविधानको मौलिक हक सम्बन्धी व्यवस्थामा नभएको तथा पशु अधिकारको संरक्षणले मात्र मानिसको बाँच्न पाउने अधिकारको प्रवर्द्धन हुन सक्छ र नागरिकको स्वच्छ वातावरणको हक प्राप्त हुन सक्छ भनी निवेदकले लिएको जिकीर नागरिकको मौलिक हकसँग अन्योन्याश्रित र परिपूरक नभएको तथा संविधानको धारा १३३(२) संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनका लागि मात्र प्रयोग हुने स्पष्ट व्यवस्था भएकोले निवेदकको मागबमोजिमको आदेश जारी हुनुपर्ने होईन, रिट निवेदन खारेज गरी पाउँ भन्ने लिखित जवाफ।

<u>विपक्षी नेपाल सरकार, कृषि विकास मन्त्रालय, सिंहदरवारको लिखित जवाफ</u>

यस मन्त्रालयको कुनै पनि काम कारवाही निवेदकले उठान गरेका विषयवस्तुसँग सम्बन्धित छैनन्। पशु अधिकारसँग सम्बन्धी नीति निर्माण एवं कानून तर्जुमाका विषय समेत पशुपंछी विकास मन्त्रालयको क्षेत्राधिकारभित्र पर्दछ। यस मन्त्रालयको काम कारवाहीबाट

निवेदिकाको मौलिक हकमा आघात पुगेको अवस्था नहुँदा असम्बद्ध एवं बेसरोकार निकायलाई विपक्षी बनाई दायर भएको प्रस्तुत रिट निवेदन खारेज गरी पाऊँ भन्ने लिखित जवाफ।

**विद्धान कानून व्यवसायीहरुको वहस जिकिर**

नियम बमोजिम पेशी सुचिमा चढि निर्णयको लागि यस इजलासमा पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्धान अधिवक्ता श्री हरि फुँयाल र श्री प्रविण सुवेदीले मानव समुदाय र पशु जगतविच अन्योन्याश्रीत सम्बन्ध रहेको छ। धार्मिक, सामाजिक, आर्थिक तथा मानविय कारणले समेत पशुहरुको अधिकार संरक्षण गर्नु मानव समुदायको कर्तव्य हो। पशु अधिकार र कल्याणको लागि विभिन्न देशहरुले कानूनी व्यवस्था गरेको भएतापनि नेपालको सन्दर्भमा पर्याप्त कानूनी व्यवस्था हुन सकेको छैन। जसले गर्दा पशुहरुको अवस्था अत्यन्त दयनिय र कारुणिक रहेको छ र राज्यले यस तर्फ पर्याप्त ध्यान दिन सकेको छैन।पशु सम्बन्धी केही ऐन कानूनहरु हाल विद्यमान रहेको भएतापनि ति व्यवस्थाहरु पर्याप्त छैनन्। पशुहरुको हक अधिकारको समुचित संरक्षण हुन नसक्दा खाद्य संप्रभुता र स्वच्छ वातावरणको हकमा प्रतिकुल प्रभाव परी नागरिकको जीवन जिउने हक, स्वच्छ वातावरणको हक लगायतका मौलिक हक अधिकारमा प्रतिकुल असर पर्ने भएकोले निवेदकको माग बमोजिमको आदेश जारी हुनुपर्छ भनी बहस गर्नुभयो।

त्यसैगरी विपक्षीहरुको तर्फबाट उपस्थित विद्धान सहन्यायाधिवक्ता श्री श्याम कुमार भट्टराईले पशु हक अधिकारको सम्बन्धमा व्यवस्था गर्नको लागि कुनै कानूनी प्रावधान नभएको अवस्था होइन। पशुहरुको हक अधिकारको संरक्षणको लागि नेपाल सरकार गम्भिर र जिम्मेवार छ। पशुहरुको हक अधिकारको संरक्षण गर्नको लागि नै पशु सेवा ऐन,२०५५, वातावरण संरक्षण ऐन,२०५३, वन ऐन,२०४९ लगायतका ऐन तथा नियमावलीहरु तर्जुमा गरिएको छ। यसैगरी *अधिवक्ता अर्जुनकुमार अर्याल समेत विरुद्ध नेपाल सरकारको रिट नं ०७१-WO-३७१* रिट निवेदनमा मिति २०७२।४।२० मा यसै अदालतबाट प्रस्तुत रिट निवेदनसँग समान प्रकृतिको विषयमा परमादेशको आदेश जारी भैसकेको अवस्थामा निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने होइन भनी वहस गर्नुभयो।

**यस अदालतको निर्णयाधार/आदेश**

उपरोक्त तथ्य र बहस जिकिर रहेको प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरुको सम्बन्धमा निर्णय गर्नुपर्ने देखियो।

१) मानव समुदायको र पशु बीचको अन्तर सम्बन्ध कस्तो रहेको छ र सन्तुलित सम्बन्ध नहुँदा मानव समुदायमा कस्तो असर पर्न सक्दछ?

२) पशु अधिकार कस्तो अधिकार हो ?

३) पशु अधिकारको संरक्षणको सन्दर्भमा अन्तर्राष्ट्रिय स्तरमा के कस्तो सिद्धान्त, मापदण्ड र कानूनहरु रहेका छन्?

४) नेपालमा पशु अधिकारका सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाहरु पर्याप्त छन् वा छैनन् ?

५) रिट निवेदकको माग बमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन ?

निर्णयतर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा निवेदकले मुख्यतः पशु अधिकारको संरक्षणको लागि पर्याप्त कानूनी व्यवस्था नभएको, पशुधनको न्याय, सुरक्षा, मर्यादा र सदुपयोगका लागि कुनै कानून नबनाइएको कारण जीव जनावर पशुधनलाई चरम यातना, पीडा र अन्याय हुँदा पनि उजुरी गर्ने, कारवाही गराउने र न्याय दिलाउने ठाँउ नभएको लगायतका आधारमा निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने भन्ने जिकिर लिएको देखिन्छ भने विपक्षीहरुले पेश गरेको लिखित जवाफको अध्ययन गरी हेर्दा यस सम्बन्धमा कानूनी व्यवस्था रहेको, पशु अधिकारको संरक्षण गर्नुपर्छ भन्ने कुरामा कुनै विवाद नरहेको तथा समाजको आवश्यकता र प्राथमिकताको आधारमा राज्यले कानून बनाउदै जाने नै हुँदा निवेदन माग बमोजिमको आदेश जारी गर्नुनपर्ने भन्ने जिकिर लिएको देखिन्छ।

अब मानव समुदाय र पशु बीचको अन्तर सम्बन्ध कस्तो रहेको छ र सन्तुलित सम्बन्ध नहुँदा मानव समुदायमा कस्तो असर पर्न सक्दछ भन्ने पहिलो प्रश्नको सम्बन्धमा विचार गर्दा, हामी बाँचिरहेको पृथ्वी सबै जिव जनावरहरुको साझा घर हो। चेतना र विवेकको हिसाबबाट मानव जाती अन्य जिव जनावर भन्दा श्रेष्ठ भएतापनि यस पृथ्वीमा सम्मानपूर्वक बाँच्न पाउने हक हरेक जिव जन्तुमा रहेको हुन्छ। धार्मिक, साँस्कृतिक तथा पर्यावरणीय रुपमा मानव जाती र अन्य प्राणीको विचमा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ भने मानिस लगायतका प्रकृतिमा रहेका अन्य पशुपंक्षी तथा जिवहरुको जिवन्त उपस्थितिले नै पर्यावरणीय चक्र (eco system cycle) सञ्चालित भैराखेको हुन्छ र यी मध्ये कुनै जिवजन्तु लोप हुँदा त्यसले पर्यावरणीय सन्तुलन नै खलबलिन सक्छ। साथै पशुहरुको समुचित संरक्षण हुन नसक्दा संविधानको धारा ३६ र धारा ३० मा सुनिश्चित गरिएको खाद्य संप्रभुता र स्वच्छ वातावरणको हकमा प्रतिकुल प्रभाव परी संविधानको धारा १६ र ३० मा सुश्चिचित गरिएको नागरिकको जीवन जिउने हक र स्वच्छ वातावरणको हक लगायतका मौलिक हक

अधिकारमा प्रतिकूल असर पर्ने देखिन्छ।

पशु अधिकारको कस्तो अधिकार हो भन्ने दोस्रो प्रश्नमा विचार गर्दा, समयसँगै अन्तर्राष्ट्रिय वातावरण कानूनले पनि Anthropocentric Approach बाट Nature's right centric approach को गति लिंदै गर्दा सबै प्राणीको बाँच्न पाउने अधिकार जन्मसिद्ध अधिकार भएको र मानवीय आवश्यकताले अपरीहार्य भएमा बाहेक सो अधिकारको संरक्षण कानूनले गर्नु पर्ने देखिन्छ। The World Charter for Nature को प्रस्तावनाले "सबै प्राणीको आफ्नो छुट्टै अस्तित्व हुने हुँदा मानव जातिको उपयोगमा आए नआएतापनि उसको संरक्षणको सुनिश्चितता गर्नु पर्दछ" भन्ने व्यवस्था गरेको छ। मानिससँगको सम्बन्धको अलावा पशुपंक्षीहरुको आफ्नो स्वतन्त्रता पनि रहेको हुन्छ। पशुपंक्षीहरुको पनि मानिसको जस्तै स्वतन्त्र रुपमा बाँच्न पाउने हक हुन्छ।उसको स्वतन्त्रताको सम्मान र संरक्षण गर्नु मानिसको कर्तव्य हो। यसै सम्बन्धमा पशु स्वास्थ्य सम्बन्धी विश्व संगठन (World Organization of Animal Health) को निर्देशिकाको परिच्छेद ७.१.२ मा पशु कल्याण सम्बन्धी आधारभूत सिद्धान्त ( Fundamental Principles of Animal Welfare) ले निम्न आधारभूत पक्षको सुनिश्चितता हुने गरी पशु कल्याणको सुनिश्चितता गरेको छः-

१) भोक, प्यास र कुपोषण हुन नदिने (freedom from hunger, thirst and malnutrition)

२) डर, त्रास र तनाव हुन नदिने ( freedom from fear and distress)

३) भौतिक तथा शित, तापजन्य असुविधाबाट सुरक्षित गर्ने (freedom from physical and thermal discomfort)

४) पीडा, घाउचोट र रोगव्याधिबाट सुरक्षित राख्ने (freedom from pain, injury and disease and )

५) सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने अवस्था सुनिश्चित गर्ने ( freedom to express normal patterns of behavior)

परम्परागत रुपमा पशुलाई मानिसको निजी सम्पत्ती मानिन्थ्यो र जुनसुकै प्रकारको व्यवहार गर्न पाउने छुट मानिसमा हुन्छ भन्ने मान्यता राखिन्थ्यो। तर अहिले यो मान्यतामा परिवर्तन हुँदै आएको छ। मानिसले पाल्ने पशुपंक्षी जसले पालेको छ उसको निजी सम्पत्ति भएतापनि मानिसले स्वेच्छाचारी र अमानवीय तवरबाट पशुपंक्षीहरुको पालन पोषण र प्रयोग गर्न सक्दैन।निजी सम्पत्ति भएतापनि पशुपंक्षीमा जीवन (being) रहेको हुन्छ र त्यस जीवनको सम्मान गर्नु मानिसको कर्तव्य हो। त्यसकारण मानिसको व्यक्तिगत सम्पत्ति हो भन्दैमा अन्य निर्जिव (thing) सम्पत्ति जस्तो पशुपंक्षीलाई अमानवीय व्यवहार गर्न मिल्दैन। प्राण हुने भएकोले पशुपंक्षीमा पनि मानिसमा जस्तै भावना हुन्छ।

मानिसमा जस्तै पीडा, आनन्द, डर, निराशा वा हताशा लगायतका मनोविज्ञानहरु जनावरहरुमा पनि रहेका हुन्छन्। त्यसकारण दया, माया, करुणा लगायतका मुल्य मान्यताहरुको आधारमा मानिसले पशुपंक्षीसँग व्यवहार गर्नुपर्छ। यसै सम्बन्धमा भारतको सर्वोच्च अदालतले **A. Nagaraja & Others.** vs. **Animal Welfare Board of India** [1] मा पशुको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सहितको पाँच आधारभूत अधिकारलाई आत्मसात गर्दै पशुमाथिको क्रूरतालाई रोक्न निर्देशन दिएको देखिन्छ। स्वस्थ तथा स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार (Right to live in a healthy and clean atmosphere), अनावश्यक पीडा विरुद्ध मानव जातिबाट संरक्षण पाउने अधिकार( Right to get protection from human beings against inflicting unnecessary pain or suffering), खाना र बासस्थानको अधिकार( Right to get food and shelter), सम्मानपूर्वक बाँच्न तथा उचित व्यवहार पाउने अधिकार (Right to dignity and fair treatment) र पशुमाथि मानवजातिले गर्ने यातना र अनावश्यक पीडा विरुद्धको अधिकार (Right against the human beings not to be tortured and against infliction on unnecessary pain or suffering) लाई उक्त मुद्दामा उल्लेख गरेको पाइन्छ।

नेपालको सन्दर्भमा यसै अदालतको संयुक्त इजलासबाट **अर्जुन कुमार अर्याल** वि. **नेपाल सरकार**[2] भएको रिट निवेदनमा पशुको अधिकारको सम्बन्धमा वृहत व्याख्या गर्दै *पशु अधिकार सम्बन्धी आधुनिक अबधारणा अनुसार मानिस बाहेकका अन्य प्राणिहरुको पनि यातना वा पीडाबाट मुक्त रहि जिउन पाउने हक रहन्छ भन्ने मानिन्छ। जैविक भिन्नताको आधारमा नैतिक मुल्य र जीवनको आधारभुत संरक्षणको कुरामा विभेद गरीनुहुँदैन* भनी उल्लेख भएको पाइन्छ। भारतको सर्वोच्च अदालतले **State of Gujarat** vs. **Mirzapur Moti Kureshi Kassab Jamat and Others**[3] भएको मुद्दामा त्यहाँको संविधानको धारा ४८, ४८ क तथा धारा ५१ क को व्याख्या गर्दै *प्रत्येक नागरिकमा प्राणीहरु प्रति दया वा करुणा राख्ने कर्तव्य रहेको* भनी व्याख्या गरेको पाइन्छ। यसरी नेपालको सर्वोच्च अदालतले तथा अन्य विदेशी अदालतहरु र संयुक्त राष्ट्रसंघका केही दस्तावेजहरुले समेत पशुको अधिकार भित्र विभिन्न स्वतन्त्रताको सुश्चितता गरी कल्याणकारी व्यवस्था गर्नेमा राज्यलाई दायित्व दिइएको छ र नागरिकको कर्तव्यको रुपमा समेत घोषणा गरेको देखिन्छ।

अब पशु अधिकारको संरक्षणको सन्दर्भमा अन्तर्राष्ट्रिय रुपमा के कस्तो सिद्धान्त,

---

[1] A.Nagaraja & Others.v. Animal Welfare Board of India (2014)7SCC547

[2] ने.का.प.२०७३, अंक ९, भाग ५८, नि.नं. ९६८६

[3] State of Gujarat V. Mirzapur Moti Kureshi Kassab Jamat and Others(2005)8SCC534

मापदण्ड र कानूनहरु रहेका छन् भन्ने तेस्रो प्रश्नको सम्बन्धमा हेर्दा पशु अधिकारको विषयमा अन्तर्राष्ट्रिय स्तरमा कुनै अलग सन्धी सम्झौता भएको देखिदैन। यद्यपी यस सम्बन्धमा केही अन्तर्राष्ट्रिय दस्तावेजहरुले केही व्यवस्था गरेका छन्। पशु स्वास्थ्य सम्बन्धी विश्व संगठन (The World Organization for Animal Health)[4] ले निर्धारण गरेको मापदण्डमा सम्पूर्ण पशु जगतलाई पाँच प्रकारको स्वतन्त्रता रहने जसमा **भोक, तिर्खा र कुपोषणबाट स्वतन्त्रता, शारिरिक तथा उष्णिय वा तापिय असहजताबाट स्वतन्त्रता, पीडा, चोटपटक र रोगबाट स्वतन्त्रता र आफ्नो प्राकृतिक स्वभाव अभिव्यक्त गर्ने स्वतन्त्रता हुने** भनी उल्लेख गरेको पाइन्छ। त्यसैगरी फिलिपिन्समा सन् २००३ मा आयोजना गरेको सम्मेलनले पशु कल्याण सम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्र (Universal Declaration on Animal Welfare) को लागि आधारहरु तय गरेको थियो। मनिला सम्मेलनको नामले चिनिने उक्त सम्मेलनले देहायका चारवटा सिद्धान्तहरुमा सहमती कायम गरेको थियो। जस अनुसार **पशु कल्याण सबै राष्ट्रहरुको साझा उद्देश्य हुने, पशु कल्याण सम्बन्धी मापदण्डलाई पहिचान,प्रवर्द्धन र पालना गर्नुपर्ने, पशुहरु विरुद्धको क्रुरतालाई निरोध गर्न तथा पशुहरुको पीडालाई न्युनिकरण गर्नको लागि सम्पुर्ण राष्ट्रहरुले आवश्यक कदम चाल्नुपर्ने, कृषिकार्यमा प्रयोग हुने, घर पालुवा, वैज्ञानिक परिक्षणमा प्रयोग हुने, मनोरञ्जनको लागि प्रयोग हुने पशुहरुको सम्बन्धमा त्यस प्रकारका कार्यका लागि प्रयोग गर्दा पालना गर्नुपर्ने उपयुक्त मापदण्डहरुको विकास गरीनुपर्ने** भन्ने रहेको छ। पशु अधिकारको सम्बन्धमा व्यवस्था गर्ने अन्तर्राष्ट्रिय दस्तावेजहरुको सम्बन्धमा उल्लेख गर्नुपर्दा जैविक विविधता महासन्धी Convention on Biological Diversity, 1992 ले विश्वको बढ्दो जनसंख्याको लागि आवश्यक खाना, स्वास्थ्य र अन्य आवश्यकता परिपूर्ति गर्नको लागि जैविक विविधताको संरक्षण र दिगो प्रयोगको महत्वप्रति सचेत रहनुपर्ने कुरालाई प्रस्तावनाले नै जोड दिएको देखिन्छ। उल्लेखित अन्तर्राष्ट्रिय दस्तावेजहरु केही प्रतिनिधिमुलक उदाहरणहरु मात्र हुन्। यसरी पशु अधिकारको सम्बन्धमा अलग अन्तर्राष्ट्रिय सन्धी वा सम्झौता नभएको भएतापनि पशु अधिकारको संरक्षणको लागि भएको घोषणा पत्र तथा जैविक विविधता सम्बन्धी केही अन्तर्राष्ट्रिय दस्तावेजहरुले पशु अधिकारको सम्बन्धमा गरेको व्यवस्थाहरुलाई निर्देशिका (Guidelines) को रुपमा लिन सकिन्छ। जसले नेपालको सन्दर्भमा पनि उत्प्रेरित गर्ने मान्यता राख्दछ। नेपाल सरकारले पनि यिनै घोषणापत्रहरु र सन्धी सम्झौताको आधारमा  पशुपंक्षी विकास मन्त्रालयले पशु कल्याण निर्देशिका, २०७३ लागू गरिसकेको अवस्था छ।

---

[4] विश्व व्यापार संगठनले सन्दर्भ संगठनको( Reference Organization)रुपमा मानेको यस संस्थामा १८२ वटा देशहरु सदस्य राष्ट्र बनेका छन्।.

पशु अधिकारको संरक्षणको लागि विभिन्न देशहरुले आफ्नो राष्ट्रिय कानूनमा पनि व्यवस्था गरेको पाइन्छ। सन् २००२ मा जर्मनीले आफ्नो संविधान संशोधन गरी पशुको अधिकार सुनिश्चितता गरी सो गर्ने पहिलो युरोपियन राष्ट्र बनेको छ। Switzerland, Austria, Slovenia जस्ता देशले पनि कानून लागू गरी पशु कल्याणलाई देशको संविधानमा समावेश गरी पशुधनीको सम्पत्तिको हक र पशुको अनावश्यक पीडा, डर र त्रासबाट स्वतन्त्र हुने अधिकारलाई सन्तुलन गरेको छ। त्यसैगरी पशु कल्याण ऐन (Animal Welfare Act, UK) ले पनि पशुलाई पीडा र तनावबाट सुरक्षित राख्ने व्यवस्था गरेको छ। Austrian Federal Animal Protection Act ले पनि मानिसको अन्य प्राणी माथिको दायित्वलाई आत्मसात गरेको छ र संघीय कानूनले पनि पशुको जीवन रक्षाको सुनिश्चितता गरेको छ। उदाहरणको लागि अष्ट्रियाको Austrian Animal Welfare Act, 2004 ले पशु अधिकार र कल्याणको सम्बन्धमा विस्तृत रुपमा कानूनी व्यवस्था गर्दै जनावरहरुको व्यवस्थापन र उपचार,पशु वध (slaughter), Surgical Procedure, खेलकुद लगायतका क्रियाकलापहरुमा गरिने प्रयोग लगायतका विषयहरुमा कानूनी व्यवस्था गरेको छ भने ऐनमा उल्लेखित व्यवस्थाहरुको कार्यान्वयनको लागि अलग निकायको समेत व्यवस्था गरेको छ।त्यसैगरी स्विजरल्यान्डले सन् २००५ मा पशु कल्याण र मर्यादा (Welfare and Dignity) को संरक्षण गर्ने उद्देश्यले Animal Welfare Act, 2005 जारी गरेको छ। उक्त ऐनमा पशुपालन, पशुको प्रजनन र Genetic Modification, पशुको व्यापार र प्रयोग, पशुहत्या लगायतका विषयहरुमा विस्तृत रुपमा कानूनी व्यवस्था गरिएको छ भने ऐनमा उल्लेखित व्यवस्थाहरुको कार्यान्वयन गर्नको लागि आवश्यक निकायको समेत व्यवस्था गरिएको छ।संयुक्त अधिराज्य बेलायतले पशु अधिकारको संरक्षण गर्ने उद्देश्यले Animal Welfare Act, 2006 जारी गरेको छ। यस ऐनले पशुहरु प्रति क्रुर व्यवहार वा लापरवाही गर्ने व्यक्तिलाई सजायको समेत व्यवस्था गरेको छ। जस अनुसार आजीवन घर पालुवा जनावर राख्न नपाउने, ५१ हप्तासम्म कैद वा रु २०,०००/- सम्म जरिवाना हुन सक्ने जस्ता सजायहरुको व्यवस्था गरिएको छ। पशुहरु विरुद्ध हुने क्रुर व्यवहारलाई रोकथाम गर्नको लागि छिमेकी मुलुक भारतले सन् १९६० मा नै The Prevention of Cruelty to Animals Act, 1960 जारी गरेको देखिन्छ। यस ऐनमा पशुहरु विरुद्ध गरिने कस्ता कस्ता कार्यहरु क्रुर व्यवहार हुन् भनी विस्तृत रुपमा परिभाषित गरेको पाइन्छ भने त्यस प्रकारको क्रुर व्यवहार गर्ने व्यक्तिलाई सजायको समेत व्यवस्था गरिएको छ। त्यसैगरी यस ऐनले पशुहरुमा बैज्ञानिक परिक्षण गर्ने तथा विभिन्न प्रस्तुतीको लागि प्रयोग गर्ने लगायतका विषयहरुको सम्बन्धमा पनि स्पष्टसँग व्यवस्था गरेको पाइन्छ भने यस ऐनमा उल्लेखित व्यवस्थाको उल्लंघन गरी पशुहरुको विरुद्ध क्रुर व्यवहार गरेको

अवस्थामा खोजतलास गर्ने, वारेन्ट जारी गर्ने, जफ्त गर्ने, उपचार गर्ने लगायतका विभिन्न विषयहरुमा समेत यस ऐनले व्यवस्था गरेको पाइन्छ। यसैगरी अफ्रिकी मुलुक केन्याले पशुहरुको विरुद्ध हुने क्रुर व्यवहारलाई निरोध गर्नको लागि सन् १९६२ मा नै Prevention of Cruelty to Animals Act, 1962 जारी गरेको छ। यस ऐनले पशु सँग सम्बन्धित अपराधहरु के के हुने भनी विस्तृतमा उल्लेख गरेको छ भने पशुहरुलाई अनुसन्धानको लागि प्रयोग (Experiment) गर्ने सम्बन्धमा पनि आवश्यक व्यवस्था गरेको छ। त्यसैगरी यस ऐनले पशु धनीको कर्तव्य, अदालतको अधिकार, क्षतिपुर्ती लगायतका व्यवस्थाहरु समेत गरेको छ। यसैगरी संयुक्त राज्य अमेरिकाले सन् १९६६ मा नै जारी गरेको Animal Welfare Act, 1966 मा पशु उपरको व्यवहार, शोध वा अनुसन्धान कार्यमा यसको प्रयोग तथा पशुको कल्याणकारी व्यवस्थापन सम्बन्धमा व्यवस्था गरिएको छ भने जापानले सन् १९७३ मा जारी गरेको Welfare and Management of Animals Act, 1973 ले गाई, घोडा, बाख्रा, भेडा, कुकुर लगायतका सबै प्रकारका घर पालुवा जनावर तथा चरा चुरुङ्गीहरुको उपर पीडा पुऱ्याउन नहुने, क्रुर व्यवहार गर्न नपाइने र उचित कारण विना त्यस्तो कार्य गर्नेलाई अवस्थाअनुसार एक वर्षसम्म कैद हुन सक्ने व्यवस्था गरेको छ। Animal Welfare Act, 2010 (Norway) ले "पशु मानिसका लागि उपयोग भए नभएतापनि उसको आफ्नै आधारभूत मूल्य हुन्छ भनी उल्लेख गरेको छ"। माथी उल्लेखित यी व्यवस्थाहरु केबल केही प्रतिनिधिमूलक दृष्टान्त मात्र हुन् जसबाट विश्वका कैंयौ देशहरुमा पशुअधिकारको संरक्षण गर्नको लागि घरेलु कानूनमा व्यवस्था भएको देखिन्छ।

अन्तर्राष्ट्रिय रुपमा Eco centric principle को अवधारणाको विकास भई रहेको सन्दर्भमा सन् १९९२ मा Switzerland ले आफ्नो संविधान संशोधन गरी पशुलाई वस्तु (things) होइन प्राणी (being) हो भनी केही देशको कानूनले र फैसलाले जलचर (Aquatic) र उभयचर (Aviatic) सहितको सारा प्राणी जगतलाई अलग व्यक्तित्व भएको कानूनी व्यक्ति घोषित गरी प्राकृतिक व्यक्ति स्वरुप अधिकार, कर्तव्यको रुपमा मान्यता दिइएको छ। सबै नागरिकलाई स्थानीय अभिभावकत्व (Loco parentis) घोषित गरी नागरिकले पशु कल्याण र सुरक्षा गर्ने अवधारणाको विकाश गरेको छ। माथिल्ला प्रकरणमा उल्लेख भएजस्तै अन्तर्राष्ट्रिय दस्तावेज, विदेशी अदालतको निर्णयहरुले पशु स्वतन्त्रता र कल्याण सम्बन्धी सैद्धान्तिक पक्षमा स्पष्टता ल्याउनुको साथै विभिन्न देशहरुले आफ्नो घरेलु कानूनमा पशु अधिकार र कल्याणको लागि विशेष कानूनको व्यवस्था गरेको देखिन्छ।

नेपालको सन्दर्भमा पशु अधिकार र कल्याणका सम्बन्धमा विद्यमान कानूनी व्यवस्थाहरु प्रर्याप्त छन् वा छैनन् भन्ने चौथो प्रश्नको सम्बन्धमा हेर्दा संविधानको प्राकृतिक

साधन स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्धी नीति अन्तर्गत जनसाधारणमा वातावरणीय स्वच्छता सम्बन्धी चेतना बढाउन, वन, वन्यजन्तु, पंक्षीको जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्ने तथा जैविक विविधता माथी नकारात्मक असर परेको वा पर्न सक्ने अवस्थामा नकारात्मक वातावरणीय प्रभाव निर्मूल गर्न उपयुक्त उपायहरु अवलम्बन गर्ने नीति संविधानको धारा ५२(छ)(५) र ७ मा रहेको छ। राज्यको निर्देशक सिद्धान्तहरुको अनुसरण तथा राज्यका नीतिहरुको क्रमशः कार्यान्वयन गर्ने समेत राज्यको दायित्वको व्यवस्था संविधानको धारा ५२ ले गरेको छ। हरेक प्राणीको बाँच्न पाउने अधिकारको सम्मान र संरक्षण गर्नु मानिसको कर्तव्य हो। संविधानले व्यक्तिको मौलिक अधिकारको मात्र व्यवस्था नगरी नागरिकको कर्तव्यको पनि व्यवस्था गरेको छ। प्रत्येक नागरिकले संविधान र कानूनको पालना गर्नुपर्ने तथा सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु पर्ने कर्तव्य संविधानको धारा ४८ ले गरेको छ।

नेपालमा पशु सम्बन्धी विद्यमान कानुनहरु हेर्दा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ र पशु स्वास्थ्य तथा पशु सेवा नियमावली,२०५६, पशु वधशाला र मासु जाँच ऐन,२०५५ र पशु वधशाला र मासु जाँच नियमावली,२०५७ विद्यमान रहेको देखिन्छन भने यसको अतिरिक्त माछा भुरा बारे मापदण्ड,२०६१, पशु ढुवानी मापदण्ड,२०६४, पशु क्वारेन्टाइन (पहिलो संशोधन) कार्यविधि,२०७१ र पशु कल्याण निर्देशिका,२०७३ पनि विद्यमान रहेको देखिन्छ।त्यसैगरी मुलुकी (अपराध संहिता) ऐन, २०७४ को परिच्छेद २७ मा पनि पशुपंक्षी सम्बन्धी कसुर सम्बन्धी व्यवस्था गरेको पाइन्छ।यसरी विभिन्न ऐन, नियमावली, निर्देशिका र मापदण्ड विद्यमान रहेकोमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन,२०५५ ले जुनसुकै प्रकारको पाल्तु वा जंगली जनावरलाई पशुको रुपमा परिभाषित गर्दै पशु क्वारेन्टाइन, पशु नश्ल सुधार, पशु सम्बन्धी उद्योग स्थापना र निकासी पैठारी लगायतका विषयमा व्यवस्था गरेको देखिन्छ भने नेपाल सरकारले राजपत्रमा सुचना प्रकाशन गरी पशुप्रति हुने निर्दयी व्यवहार रोक्नको लागि एउटा समितिको गठन गर्न सक्ने र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार सोही सुचनामा तोकिए बमोजिम हुने भन्ने व्यवस्था गरेको देखिन्छ। यद्यपी ऐन जारी भएको लामो समयसम्म पनि त्यस प्रकारको समिति गठन भै कार्य गरेको देखिदैन।त्यसैगरी पशु वधशाला र मासु जाँच ऐन,२०५५ ले पशु भन्नाले के बुझिन्छ भनी सुचि उल्लेख गरेको देखिन्छ भने इजाजत पत्र नलिई पशु वधशालाको स्थापना गर्न र मासु विक्री गर्न नपाइने, पशु वधशालामा मात्र पशु वध गर्न पाइने, वध गरीएका पशुको मासु जाँच गर्नुपर्ने लगायतका व्यवस्था गरेको देखिन्छ।

त्यसैगरी मुलुकी अपराध (संहिता), २०७४ को परिच्छेद २७ ले पशुपंक्षी सम्बन्धी कसुरलाई अलग परिच्छेदमा उल्लेख गरी गाई, गोरुलाई मार्न वा काट्न निषेध गरेको

देखिन्छ भने पशुपंक्षी प्रति निर्दयी व्यवहार गर्न नहुने भनी समेत व्यवस्था गरेको छ। जसअनुसार कसैले कुनै पशुपंक्षीलाई कुटी, हिर्काई वा बोक्न सक्ने क्षमताभन्दा बढी भारी बोकाई वा सामर्थ्य भन्दा बढी दौडाई वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकोलाई काममा लगाई वा हानिकारक वस्तु सेवन गराई वा अन्य कुनै प्रकारले यातना दिन वा आफुले पालेको पशुपंक्षी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रुपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गर्न नपाइने व्यवस्था गरेको पाइन्छ र त्यस प्रकारको कार्य गरेको अवस्थामा कसुर गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको देखिन्छ।त्यसैगरी उक्त संहिताले सार्वजनिक स्थलमा पशु वा पंक्षी मार्न समेत निषेध गरेको छ।यसरी पशु सँग सम्बन्धित दुईवटा ऐनहरु पशु सेवा तथा पशु स्वास्थ्य ऐन,२०५५ र पशु वधशाला र मासु जाँच ऐन, २०५५ तथा मुलुकी अपराध (संहिता), २०७४ मा पशुको कल्याणको सम्बन्धमा केही व्यवस्था रहेकोमा यी ऐनहरु पशु अधिकार र कल्याणकै लागि नै भनी जारी भएका विशेष कानून होइनन्। पशु सेवा तथा पशु स्वास्थ्य ऐन, २०५५ को प्रस्तावनामा *पशु पालन व्यवसायलाई व्यवस्थित र विकसित तुल्याउन र मानव समुदायको पौष्टिक भोजन तथा स्वास्थ्यका दृष्टिकोणबाट समेत सामग्रीको स्वस्थ रुपमा उत्पादन, विक्रि वितरण, निकासी तथा पैठारी सम्बन्धमा व्यवस्था गर्नको लागि भनी* तथा पशु वधशाला र मासु जाँच ऐन,२०५५ को प्रस्तावनामा *सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसाबट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुको स्वभाविक गुण विग्रन नदिई उपयुक्त स्तर कायम राख्न* भन्ने उल्लेख भएबाट यी दुई ऐनहरु पशु अधिकार र कल्याणको लागि जारी भएका विशेष कानून नभई पर्यावरण (ecology) को सन्तुलनमा पशुलाई खानामा प्रयोग गर्दा खानाको लागि बध र सोको व्यवस्थापनसँग जोडिएको देखिन्छ। यद्यपी यी ऐनहरुमा पशु अधिकारसँग सम्बन्धित केही विषयहरु भने समावेश भएका छन्।

पशु सँग सम्बन्धित उपरोक्त ऐनहरुको बावजुद पशु कल्याण निर्देशिका, २०७३ पनि विद्यमान रहेको देखिन्छ। यस निर्देशिकाले अन्तर्राष्टिय घोषणा पत्रले व्यवस्था गरेझै पशु कल्याणको आधारभूत स्वतन्त्रताको सम्मान गर्दै पशुलाई काममा लगाउदा अपनाउनु पर्ने सावधानीहरु, पशुमा भारवहन सामग्रीको प्रयोग गर्दा अपनाउनुपर्ने सावधानीहरु, काम गराउने उपयुक्त मौसम र समय सम्बन्धी, कार्यबोझ सम्बन्धी, आश्रय सम्बन्धी, दानापानी सम्बन्धी, बाँध्ने वा थुन्ने सम्बन्धी, स्वास्थ्योपचार सम्बन्धी, संक्रामक रोग व्यवस्थापन सम्बन्धी, निवृत्त पशु व्यवस्थापन सम्बन्धी, पशुप्रति हुने निर्दयी व्यवहार सम्बन्धी, पशु कल्याण सम्बन्धी जिम्मेवारी र उत्तरदायित्व सम्बन्धी, पशु कल्याण मापन सूचक सम्बन्धी लगायतका

सम्बन्धमा पनि व्यवस्था गरेको पाइन्छ।

त्यसैगरी अव्यवस्थित ढुवानीको कारणले पशुको स्वास्थ्य, कार्यक्षमता, उत्पादन क्षमता र गुणस्तरियतामा प्रतिकुल असर पर्ने भएकोले ढुवानी सम्बन्धमा व्यवस्थित गर्न भनी पशु ढुवानी मापदण्ड,२०६४ पनि विद्यमान रहेको देखिन्छ। नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, पशु सेवा विभागले जारी गरेको उक्त मापदण्डले ढुवानी गर्ने तरिका, ढुवानी गर्दा अपनाउनुपर्ने सावधानी, असावधानी व्यवहार भएको ठहरिने अवस्थाहरुको सम्बन्धमा व्यवस्था गरेको देखिन्छ भने पशु पैदल ढुवानीको मापदण्ड जस अन्तर्गत पैदल ढुवानी गर्ने पशुको साथमा हुनुपर्ने सामग्रीहरु, पैदल ढुवानी गर्दा प्रतिवन्धित कार्यहरु, पैदल ढुवानी गर्दा पशुले पार गर्ने दुरी लगायतका विषयहरु समावेश भएका छन् भने उक्त मापदण्डले सडकमा चल्ने साधनमा पशु ढुवानी गर्ने मापदण्डको पनि व्यवस्था गरेको छ। जसअनुसार ढुवानी गर्दा गाडीमा हुनुपर्ने सामाग्रीहरु, ढुवानी गर्दा बाँधन नहुने, दाना पानीको व्यवस्था गरीनुपर्ने, स्याहार सुसार गर्नुपर्ने लगायतका व्यवस्थाहरु गरेको देखिन्छ।

यसरी पशु सँग सम्बन्धित केही नीति, कानून तथा निर्देशिका नेपालमा विद्यमान रहेकोमा यी विद्यमान कानूनहरु पशु अधिकार र कल्याणको लागि पर्याप्त र प्रभावकारी छन् वा छैनन् भन्ने सम्बन्धमा विवेचना गरी हेर्दा कानूनमा के कुरा व्यवस्था हुँदा पर्याप्त हुने र के नहुँदा पर्याप्त नहुने भन्ने सम्बन्धमा कुनै स्पष्ट र निश्चित मापदण्ड छैन।यद्यपी विभिन्न देशहरुले पशु अधिकार र कल्याणको सम्बन्धमा गरेका व्यवस्थाहरु सँग तुलना गरी केही निश्कर्ष निकाल्न सकिन्छ भने United Nations Food and Agricultural Organization (FAO) ले सन् २०१० मा प्रकाशन गरेको Legislative and Regulatory Options for Animal Welfare नामक प्रतिवेदनमा समेत Essential Elements of Animal Welfare Legislation भन्ने शिर्षकमा पशु अधिकार र कल्याणको सम्बन्धमा बनाइने कानूनमा गरीनुपर्ने व्यवस्थाहरुको सम्बन्धमा उल्लेख गरिएको छ, जसलाई पशु अधिकार सम्बन्धी कानूनमा के कस्तो व्यवस्था रहनुपर्छ भन्ने सम्बन्धमा विवेचना गर्नको लागि सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्न सकिन्छ।UN FAO ले प्रकाशन गरेको उक्त प्रतिवेदन तथा माथी उल्लेखित विभिन्न देशहरुको कानुनी अभ्यासलाई दृष्टिगत गरी हेर्दा पशु अधिकार र कल्याणको लागि बनेको कानूनमा पशुहरु उपर कस्तो व्यवहार गर्नुपर्ने, पशुहरु प्रति गरिने कस्ता प्रकृतिका कार्यहरु क्रुर र अमानवीय व्यवहार हुने, पशुहरु उपर क्रुर र अमानवीय व्यवहार भएमा कुन निकायमा कसरी उजुरी गर्ने, सजाय र क्षतिपुर्ती के हुने, पशुधनीको कर्तव्य के हुने लगायतका विषयहरुको सम्बन्धमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने देखिन्छ। त्यसैगरी पशुलाई मानवको खानाको रुपमा मासुको लागि वध गर्ने कार्य मानव मात्रको अपरिहार्य आवश्यकतालाई दृष्टिगत गरी मान्यता दिंदा पनि उपयुक्त प्रविधिको प्रयोग गरी कम पीडा दिई गरिनुपर्ने, पशु वध गर्नुभन्दा अगाडी राख्ने

ठाँउको उपयुक्त व्यवस्था गरी त्रासमुक्त अवस्थामा राख्नुपर्ने, पशु वध गर्नको लागि उपयुक्त प्रविधिको प्रयोग गर्नु पर्ने, पशुहरुलाई एक ठाँउबाट अर्को ठाँउमा स्थानान्तरण गर्दा अनावश्यक दु:ख र क्रुर तरिकाबाट नगरी व्यवस्थित तरिकाबाट गर्नुपर्ने लगायतका विषयहरुलाई समेत कानूनले सुनिश्चित गरेको हुनुपर्ने देखिन्छ। त्यसैगरी पशुलाई वैज्ञानिक प्रयोगको लागि उपयोग (Scientific Experiment),पशुको प्रजनन तथा Genetic Engineering र Genetic Modification, मनोरञ्जन तथा अन्य क्रियाकलापहरुमा प्रयोग लगायतका विषयहरुलाई पनि कानूनले सम्बोधन गर्नुपर्ने देखिन्छ। जसबाट पशुहरुले पनि मर्यादित रुपमा उचित वातावरणमा बाँच्न पाउन सकुन्। यसरी पशु स्वतन्त्रता र कल्याणको लागि कानुनले उपरोक्त बमोजिमको व्यवस्था गर्नुपर्नेमा हाल विद्यमान ऐन, कानूनले सो प्रकारको व्यवस्था गरेको देखिदैन। अर्को शब्दमा भन्नुपर्दा पशु स्वतन्त्रता र कल्याणको लागि नै भनी कुनै विशेष कानून नभएको र भएका कानूनले पनि पशु स्वतन्त्रता र कल्याणको लागि पर्याप्त व्यवस्था गर्न नसकेको अवस्थामा विद्यमान कानूनहरु पशु स्वतन्त्रता र कल्याणको लागि पर्याप्त छन् भनी मान्न मिल्ने देखिदैन।

अव निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन भन्ने पाँचौं प्रश्नको सम्बन्धमा विचार गर्दा पशु स्वतन्त्रताको लागि केही व्यवस्थाहरु गरेको नै देखिन्छ भने मिति २०७३।१२।२४ मा नेपाल सरकारले समेत पशु कल्याण निर्देशिका, २०७३ जारी गरेको र हाल उक्त निर्देशिका कार्यान्वयनमा रहेको देखिन्छ। विपक्षीहरुले दायर गरेको लिखित जवाफको अध्ययन गरी हेर्दा पनि निवेदकले उठाएको विषयवस्तुको सम्बन्धमा नेपाल सरकारले कुनै फरक धारणा राखेको देखिदैन र समाजको आवश्यकता र प्राथमिकता अनुसार राज्यले कानून बनाउने हुँदा उपयुक्त समयमा आवश्यक प्रबन्ध गरिने भनी प्रतिवद्धता व्यक्त भएको पाइन्छ। यसै गरी निवेदकले उठाएको विषयसँग समान प्रकृतिको विषय समावेश रहेको **अर्जुन कुमार अर्याल** वि. **नेपाल सरकार** समेत (ने.का.प.२०७३,अंक ९,नि.नं.९६८६) भएको मुद्दामा बारा जिल्ला स्थित गढिमाई लगायतका मेला, धार्मिक स्थलमा दिने गरिएको बलीको सन्दर्भमा जनावरहरू उपर हुने गरेको क्रुर र यातनापूर्ण व्यवहार नहुने व्यवस्था गर्न, बली दिइएका जनावरको मासु लगायतका चिजवस्तुको स्वास्थ्यका दृष्टिले उचित व्यवस्थापन गर्न, वातावरण प्रदूषण नियन्त्रण गर्न, बली दिइने जनावरको क्वारेन्टाइन परीक्षण लगायतका स्वास्थ्य परीक्षण प्रभावकारी रूपमा हुने व्यवस्था मिलाउन र पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा २७ बमोजिम पशु प्रति हुने निर्दयी व्यवहार रोक्नका लागि समिति गठन गरी त्यस्तो निर्दयी व्यवहार रोक्ने व्यवस्था मिलाउनु भनी यस अदालतबाट परमादेशको आदेश जारी भैसकेको देखिन्छ। निवेदकले उठाएको विषयको सम्बन्धमा केही कानूनी व्यवस्थाहरु विद्यमान नै रहेको, समय अनुसार कानूनमा संशोधन र परिवर्तन गरी पशु

अधिकारलाई सुरक्षित गरिने भनी विपक्षीहरुले लिखित जवाफ र बहसको क्रममा समेत स्वीकारेको, यसै विषयसँग समान प्रकृतिको विषयमा यसै अदालतबाट यस अगाडीनै विभिन्न आदेशहरु जारी भैसकेको देखिदा रिट निवेदकको मागबमोजिमको पुनः आदेश जारी गर्नुपर्ने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ।

तर भर्खरै आएको मुलुकी अपराध संहिता २०७४ को दफा २८९ मा गाई, गोरु मार्न वा काट्न नहुने, दफा २९० मा पशुपंक्षी प्रति निर्दयी व्यवहार गर्न नहुने र दफा २९१ मा सार्वजनिक स्थलमा पशु वा पंक्षी मार्न नहुने व्यवस्था गरी सजाय र जरिवानाको व्यवस्था गरीएतापनि पशु कल्याण निर्देशिका २०७३ ले समेटिएका पशुप्रति गरिनु पर्ने वा गर्न नहुने व्यवहारहरुलाई समेत कानूनले समेट्नु पर्ने देखिन्छ। साथै पशुप्रति गरिनुपर्ने व्यवहार नगरेमा सजाय सँगै क्षतिपूर्तिको व्यवस्था, राज्यले गर्नुपर्ने जिम्मेवारी र दायित्वको स्पष्ट व्यवस्था तथा संघीय राज्य संरचनाको सन्दर्भमा स्थानीय तह, जिल्ला र प्रदेशमा समेत के कस्तो दायित्व र व्यवस्था गर्नुपर्ने हो भन्ने विषय समेत विचारणीय रहेको छ। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने ठहरेतापनि निवेदकले उठाएको विषयवस्तुलाई यस इजलासले गम्भिरताको साथ लिएको छ। पशु स्वतन्त्रता र कल्याणको लागि पर्याप्त कानूनी व्यवस्था गरिनुपर्छ भन्ने यस इजलासको धारणा रहेको छ। पशु पनि प्राकृतिक व्यक्ति (Legal person) सरह भई उसको आफ्नै अधिकार हुन्छ भन्ने सिद्धान्त तथा नागरिकको अभिभावकत्व (Loco Parentis) र कर्तव्य रहेको हुन्छ भन्ने मान्यता सँगै Anthropocentric Approach बाट Eco centric Approach को धारणा अन्तर्राष्ट्रिय रुपमा विकास भइसकेको सन्दर्भमा, त्यसलाई समेत विचार गर्दा पर्यावरण (Ecology) र वातावरण (Environment) मा सन्तुलन कायम गरी सभ्य, समुन्नत र दिगो मानव समाजको विकासका लागि पशु स्वतन्त्रताको सन्तुलित व्यवस्थापन अपरिहार्य हुने र समयमा नै सोको व्यवस्थापन हुन नसक्दा सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), स्वच्छ वातावरणको हक (धारा ३०), खाद्य सम्बन्धी हक (धारा ३६) मा समेत आघात परी मानव समाजले अनेकौं विपत्ति व्यहोर्नु पर्ने हुँदा पशुहरुको भोक, प्यास र कुपोषण हुन नदिने, डर, त्रास र तनाव हुन नदिने, भौतिक तथा शित, तापजन्य असुविधाबाट सुरक्षित गर्ने, पीडा, घाउचोट र रोगव्याधिबाट सुरक्षित राख्ने, सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने अवस्था सुनिश्चित गर्ने भन्ने पशुको स्वतन्त्रताको सम्मान गर्दै पशु कल्याणको उचित व्यवस्थापन, विकास र गुणस्तर कायम गर्न निम्न निर्देशन कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको नाउँमा देहाय बमोजिमको निर्देशनात्मक आदेश जारी गरिएको छः-

- पशुहरु उपर गरिने कस्तो प्रकारको कार्यहरु क्रुर र अमानवीय हुने, क्रुर र अमानवीय व्यवहार रोक्न जनचेताना फैलाउने, क्रुर र अमानवीय कार्यको अनुगमन कसले कसरी

गर्ने, पशुहरु उपर क्रुर र अमानवीय व्यवहार भएमा कुन निकायमा कसरी उजुरी गर्ने, सजाय र क्षतिपुर्ती के हुने, पशुधनिको कर्तव्य के हुने, पशु वध तथा स्थानान्तरण गर्दा कम पीडा दिई उपयुक्त प्रविधिको प्रयोग कसरी गर्ने लगायतका कुराहरुलाई स्पष्ट सँग उल्लेख गरी तथा बैज्ञानिक परीक्षणको लागि पशुहरुको प्रयोग, Genetic Engineering, Genetic Modification लगायतका विषयहरुको सम्बन्धमा समेत आवश्यक व्यवस्था गरी पशु अधिकार र कल्याणको लागि पशु कल्याण निर्देशिका, २०७३ को सापेक्षतामा निर्देशिकाद्धारा संरक्षित गरिएका व्यवस्थाहरुलाई समेत मध्यनजर राखी आवश्यक कानून तर्जुमाको लागि व्यवस्था मिलाउने।

- पशु कल्याण सम्बन्धी विशेष कानून नआएसम्मको अवधिका लागि पशु कल्याण निर्देशिका २०७३ लाई पशु स्वतन्त्रताको सम्मान र संरक्षण गर्ने सन्दर्भमा प्रभावकारी कार्यान्वयन गर्ने, गराउने तथा सो निर्देशिकाको कार्यान्वयनमा उजुरी व्यवस्थापन, अनुगमन र समन्वयको लागि आवश्यक व्यवस्था मिलाउने।

- पशु स्वतन्त्रताको सम्मान र संरक्षण गर्न भएका कानून, निर्देशिका र फैसलाको व्यापक प्रचार प्रसार गरी राज्यको सम्बन्धित निकाय र नागरिकको दायित्व वोध गराउने।

- यस आदेशको जानकारी विपक्षीहरुलाई दिई दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः सन्देश श्रेष्ठ, कमलकान्त जोशी

कम्प्युटर अपरेटरः अभिषेक कुमार राय

इति सम्वत् २०७४ साल पौष १२ गते रोज ४ शुभम् ..........................................।